केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२७/०७१/७२ मिति: २०७२/०२/२४

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

***१. भूकम्प प्रभावित जिल्लामा शाखा कार्यालय खोल्ने सम्बन्धी विशेष व्यवस्था:***

*"हालैको भूकम्पका कारण बैंकिङ्ग सेवाको सहज उपलब्धतामा हुन गएको अवरोधलाई मध्यनजर गरी भूकम्प प्रभावित जिल्लाहरुमा बैंकिङ्ग सेवाको सहज उपलब्धता र पहुँच वृद्धिका लागि शाखा, Mobile Banking, Branchless Banking तथा घुम्ती बैंकिङ्ग सेवा संचालन गर्न काठमाण्डौं उपत्यका, बनेपा, धुलिखेल तथा भूकम्प प्रभावित जिल्लाको सदरमुकाम बाहेकका स्थानहरुमध्ये बैंक तथा वित्तीय संस्था नभएको बजार केन्द्र/गा.वि.स.मा शाखा खोल्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन । बैंक तथा वित्तीय संस्थाको संचालक समितिबाट यसरी शाखा खोल्न निर्णय भएको मितिले ७ दिन भित्र अनुसूची १४.१ बमोजिमको ढाँचामा यस बैंकलाई जानकारी गराउनु पर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थाले शाखा खोल्न निर्णय गरेको मितिले २ महिनाभित्र शाखा कार्यालय खोली कारोवार संचालन गरिसक्नु पर्नेछ ।"*

२. यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा.निर्देशन नं. १९ को बुँदा नं. ३ को उपबुँदा (४) मा देहायको वाक्यांश थप गर्ने ।

*"यसैगरी, भूकम्प प्रभावित जिल्लाका सर्वसाधारणले नागरिकता प्रमाणपत्र नभएको अवस्थामा नेपाल सरकारबाट उपलब्ध गराइएको भूकम्प पीडित प्रमाणको आधारमा समेत खाता खोल्न सक्ने छन् ।"*

भवदीय,

(शिवनाथ पाण्डे)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ :

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।